# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष ०८०/०८१ को
# बजेट बक्तव्य

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

बागमती प्रदेश, नेपाल

१३ आषाढ, २०८०

## "सुन्दर, सुखी, सुरक्षितः सुसंस्कृत र समृद्ध, नौकुण्ड"

## आ.ब. २०८०/८१ को बजेट वक्तब्य

**गाउँसभाका सभाध्यक्ष ज्यू,**
**तथा सदस्य ज्यूहरु,**

यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था नेपालीको चाहना अनुरुप परिवर्तन गर्न आफनो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको संबिधान २०७२ सालमा जारी भएपछि नागरिकको सार्वभौम अधिकारलाई संघ, प्रदेश र स्थानीय तह गरि ३ तहबाट प्रयोग गर्ने संबैधानिक प्रावधान अनुरुप तीन वटै तहहरुको निर्वाचन सम्पन्न भई तिनै तहबाट नागरिकका प्रतिनिधिहरु बाट शासन सञ्चालन भएको पहिलो ५ वर्षे कार्यकाल सफलता पूर्वक सम्पन्न भई दोश्रो ५ वर्षे कार्यकालको दोश्रो वर्षमा प्रवेश गरेका छौं । लोकतन्त्रको सबै भन्दा बलियो आधार स्थानीय तह भएकोले संबैधानिक रुपमै स्थानीय तहहरुमा व्यवस्थापकिय कार्यकारी एंव न्यायीक अधिकारहरुको व्यवस्था भएको छ । नागरिकको सबै भन्दा नजिकको सरकार नै स्थानीय सरकार भएकोले नागरिकको दिनदिनै सरोकारका बिषय एंव बिकासको तिव्र चाहनाहरुलाई सम्बोधन गर्ने दायित्व स्थानिय सरकारको काँधमा आएको छ ।

लैंगिक समानता कायम गर्ने, सबै प्रकारका बिभेदको अन्त्य गर्ने,रोजगारीको श्रृजना गर्ने तथा पूर्वाधार बिकास सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्ने, बिकासलाई दिगो तथा प्रभावकारी, स्थानीय परिवेशमा आधारीत बनाउने, बिकासका लाभहरुको न्यायोचित वितरण गर्ने १५औं योजनाको लक्ष्य तथा उद्धेश्यहरुलाई पुरा गर्ने महान अभियानमा सबै जनप्रतिनिधि,कर्मचारी, गैरसरकारी संस्था,नागरिक समाज, पत्रकार, बुद्धिजिवी एंवं आम जनसमुदायका ऐक्यबद्धता र सहभागीता एवं प्रतिवद्धताको आवश्यकता पर्दछ ।

स्थानीय तहको दोश्रो आवधिक निर्वाचन पश्चात जनप्रतिनिधिहरुले स्थानीय तह सम्हालेको पहिलो वर्ष पूरा गरि दोश्रो वर्षमा प्रवेश गर्दा बिगतका वर्षहरुमा गरिएका राम्रा अभ्यास तथा गाउँपालिकाको उपाध्यक्षको हैसियतले सम्मानित सभा समक्ष वजेट पेश गर्न पाउदा बेहद आनन्द र गौरवान्भित महसुस गरेको छु ।

विगत वर्षहरुमा बजेट कार्यान्वयनलाई सफल बनाउन प्रत्यक्ष र परोक्ष रुपमा भूमिका खेल्नुहुने जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, ,श्रमिक वर्ग,आमा समूह, बुद्धिजिवीहरु, पत्रकार, नागरिक समाज र

हामी संगै हातेमालो गर्ने गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार ब्यक्त गर्दे आगामी दिनहरुमा पनि अझ सकारात्मक र रचनात्मक भूमिका निर्वाह गरिदिनहुन सहृदय अपिल गर्दछु ।

**सभाका सभाध्यक्ष महोदय,**

अव म चालु आ.व २०७९/८० को बजेट तथा कार्यक्रमको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

आयतर्फ : संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ९ करोड ४९ लाख, नेपाल सरकार शसर्त अनुदान रु. १६ करोड ९१ लाख ९९ हजार, ,संघीय सरकार बाट प्राप्त बिशेष अनुदान २ करोड, संघिय सरकार बाट प्राप्त समपुरक अनुदान १ करोड, नेपाल सरकार बाट राजश्व वाडँफाडँ रु. ६ करोड ७३ लाख २६ हजार गरि कुल रकम नेपाल सरकार बाट रु. ३६ करोड १४ लाख २५ हजार रुपैया प्राप्त हुनेछ ।

यसै गरि वागमती प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु.८३ लाख ९५ हजार , प्रदेश सरकार शसर्त अनुदान रु.२ करोड ९९ लाख ८२ हजार , यसै गरि प्रदेश सरकार बाट समपुरक अनुदान रु २ करोड ८३ लाख ५२ हजार, बिशेष अनुदान रु १ करोड ५० लाख, प्रदेश सरकारबाट राजश्व वाडँफाडँ रु.९८ लाख ४१ हजार जसमा प्रदेश सरकार कुल रकम प्रदेश सरकार बाट रु.९ करोड १५ लाख ७० हजार प्राप्त हुनेछ ।

आ.व. ०७९/०८० मा यस नौकुण्ड गाउँपालिकालाई प्राप्त हुने रकम संघिय सरकार र प्रदेश सरकार गरि कुल जम्मा रु ४३ करोड ६० लाख ९६ हजार कुल आय हुनेछ तथा

आन्तरिक राजश्वबाट रु.३० लाख र बैंक मौज्दात रु १ करोड ५० लाख गरि कुल जम्मा आय रु. ४५ करोड ४० लाख ९६ हजार रुपैया अनुमानित गरिएकोमा हाल सम्म चालु खर्चमा २४ करोड ३० लाख २३ हजार र पुँजिगत खर्चमा ८ करोड १३ लाख ४६ हजार गरि ५६.९८ प्रतिशत खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु।

भौतिक पूर्वाधार तथा वातावरण शाखा

| | आ व. २०७९/०७८० | |
|---|---|---|
| **क स** | **बिवरण** | **जम्मा** |
| १ | नयाँ सडक | ५.५ कि.मी |
| २ | पुरानो सडक मर्मत तथा स्तारउन्नती | ७.० कि मी |
| ३ | सामुदायिक भवन तथा मर्मत | ३ ओटा |

| | | |
|---|---|---|
| ४ | माहिला भवन तथा मर्मत | ३ ओटा |
| ५ | गुम्बा निर्माण तथा मर्मत | ९ ओटा |
| ६ | कल्भेट | २ ओटा |
| ७ | खानेपानी लाब्ग्राही | ३८४० जना |
| ८ | सिचाई | १.६ कि मी |
| ९ | मन्दिर निर्माण तथा घेरावार तथा मर्मत | ६ ओटा |
| १० | ढुंगा माटो गोरेटो बाटो | ५.५ कि. मी |
| ११ | पि सी सी गोरेटो बाटो | ९.३ कि मी |
| १२ | धारा निर्माण तथा मर्मत | ५८ ओटा |
| १३ | खेलकुद मैदान निर्माण तथा मर्मत | १ओटा |

| **टेन्डर** | | | |
|---|---|---|---|
| १ | ५- बेड अस्पताल | ५० % भौतिक प्रगति | काम भइरहेको |
| २ | जुरे दुंगा फूटत्रेल | ९० % भौतिक प्रगति | काम भइरहेको |
| ३ | आरुखार्के लाङबु सडक | ८० % भौतिक प्रगति | काम भइरहेको |
| ४ | सिसनेरी भीरकुना सडक | ८५ % भौतिक प्रगति | काम भइरहेको |
| ५ | नारायण मा. बि. घेरा बर | ३० % भौतिक प्रगति | काम भइरहेको |
| ६ | कुलश्र्वारा फाट हँदै मन्जुवाल सिचाई | ७० % भौतिक प्रगति | काम भइरहेको |
| ७ | छात्राबास निर्माण | ७० % भौतिक प्रगति | काम भइरहेको |

- ६ वटै झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गरिएको छ।

शिक्षा शाखा

- विद्यालय कर्मचारीहरु अनुदान अन्तरगतका शिक्षकहरु सामुदायिक सिकाई केन्द्रका सहजकर्ताहरुलाई थप तलव भत्ता प्रदान
- विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु लाई क्षमता विकास तालिम, बालविकास सहजकर्ताहरु लाई मन्टेश्री बेस तालिम र अग्रेजी माध्यम सञ्चालन तथा व्यवस्थापन सम्वन्धि तालिम ,विद्यालयमा कम्पुटर सम्वन्धि काम गर्ने शिक्षकलाई क्षमता विकास तथा उपलव्धि वृद्धि तालिम, प्रधानाध्यापक तथा विद्यालय सहायकहरु लाई लेखा तथा प्रशासान सम्बन्धि तालिम,कक्षा(१‘३) मा अध्यापन गराउने शिक्षकहरु लाई पाठ्यक्रम अभिमुखीकरण तालिम, क्স्त् श्रोत शिक्षकलाई सुचना तथा प्रविधि सम्वन्धि क्षमता विकास तालिम
- पालिका स्तरीय राष्ट्रपती रनिङशिल्ड प्रतियोगिता तथा अतिरीक्त क्रियाकलाप सञ्चालन गरिएको,

- कक्षा १० मा अध्ययनरत विद्यार्थिहरुका लागि अतिरीक्त कक्षा सञ्चालनमा थप सहयोग,
- प्रधानाध्यापक हरुलाई नमुना विद्यालय अवलोकन तथा भ्रमण,
- SEE मा उत्कृष्ठ विद्यार्थि र MBBS अध्ययनरत विद्यार्थिहरुलाई प्रोत्साहन ,
- नौकुण्ड गाउँपालिका अन्तरगतका खेलाडि हरुलाई थप प्रोत्साहन,
- प्रत्यक विद्यालयहरुमा शैक्षिक पात्रो वितरण,
- माध्यमिक विद्यालयहरुमा ICT, पुस्तकालय र विज्ञान प्रयोगाशाला निर्माण
- विद्यालयहरुमा कापी,कलम र बालविकासका विद्यार्थिहरुलाई खेल सामग्रि स्वअध्ययन सामग्रि र writting tab वितरण

महिला बिकास शाखा

- ६ वटै वडाका ४२ जना महिलाहरुलाई तालिम प्रदान गरीएको।
- २४ जना सम्भावित महिला उद्यमीहरुलाई सो सिप विकास तालिम प्रदान गरीएको।
- प्रत्येक माध्यामिक विद्यालयमा अध्ययनरत कक्षा ८ देखि कक्षा १२ सम्मका विद्यार्थी भाई बहिनीहरुलाई महिनावारी सम्बन्धि सचेतना मुलक अभिमुखिकरण संचालन गरिएको।
- वडा नं. १ देखि ६ सम्मका महिलाहरुको नाममा रहेका कृषि तथा पशुपन्छी व्यवसाय संचालन गरी रहेका १७ जना महीलाहरुलाई प्रविधि हस्तान्तरण गरीएको।
- विभिन्न खालका व्यापार व्यवसाय संचालन गरिरहेका वडा नं. २, ५ र६ का ७० जना महिलाहरुलाई सो तालिम दिइएको।
- लोक दोहोरी तथा सचेतना मुलक कार्यक्रम संचालन गरिएको।
- नौकुण्ड गाउँपालिकाका ३८ जना दलित मानिसहरुलाई सो क्षमता विकास तालिम संचालन गरिएको।
- मध्यम र सामान्य अपाङगता भएका व्यक्तिहरुलाई २ दिने अनुशिक्षण कार्यक्रम र प्लास्टिक टनेल वितरण

न्यायिक समिति

- नौकुण्ड गाउँ पालिका र सामुदायिक मेलमिलाप केन्द्रमा आवश्यक कानुन सम्बन्धि किताब खरिद गरिएको ।
- २८ जना नयाँ मेलमिलापकर्ताका लागि ८ दिवसीय आधारभुत तालिम संचालन गरिएको।
- वडा नं. १ देखि ६ सम्मका सम्मका सुचिकृत २२ जना सामुदायिक मेलमिलाप कर्ताहरुका लागि पुनर्ताजगी तालिम संचालन गरिएको।
- पुराना र नयाँ मेलमिलाप कर्ताहरु वीच पालिका स्तरीय वार्षिक समिक्षा कार्यक्रम संचालन गरिएको।
- ४३ जना पुराना र नयाँ मेलमिलाप कर्ताहरुलाई झोला वितरण गरिएको।

प्रधानमन्त्रि रोजगार

- प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तगत १०० जनालाई १०० दिनको रोजगारी सिर्जना गरि गाउँपालिका भित्र रहेका सडक तथा गोरेटो बाटोहरु स्तरोन्नती गरियो ।

उद्योग शाखा

- नौकुण्ड १,४,५ र ६ का ७५ जना उद्यमीहरुका लागि उद्यमशिलता विकास तालिम संचालन गरिएको
- नौकुण्ड १ मा १६ जना उद्यमीहरुका लागि साबुन, हार्पिक, फिनेल बनाउने सिप विकास तालिम संचालन तथा आवश्यक कच्चा माल लगाएत आवश्यक विविध सामाग्रीहरु वितरण ।
- नौकुण्ड ६ मा १७ जनाको लागि ५ दिने बाख्रा पालन सम्बन्धि सिप विकास तालिम संचालन तथा खोर निर्माणको लागि जस्ता तथा जालि वितरण
- नौकुण्ड ५ का १८ जना उद्यमीहरुका लागि ५ दिने आधुनिक तरकारी खेती तालिम संचालन तथा
- नौकुण्ड ४ का १८ जना उद्यमीहरुका लागि साबुन, हार्पिक, फिनेल बनाउनृ सिप विकास तालिम संचालन तथा आवश्यक कच्चा माल लगाएत आवश्यक विविध सामाग्रीहरु वितरण ।
- नौकुण्ड १ सिमन्दिका २० जना उद्यमीहरुका लागि होजियारी सम्बन्धि स्तरोन्नती सिप विकास तालिम तथा आवश्यक धागो तथा गुरस वितरण ।
- नौकुण्ड २ मा तरकारी खेती सम्बन्धि सिप विकास तालिम तथा प्लास्टिक टनेल तथा टनेलको लागि फलाम वितरण
- साझा सुविधा केन्द्र स्थापना कार्यक्रम अन्तर्गत नौकुण्ड ३ पारच्याङ स्थित प्रहरी चौकी परिसरमा साझा सुविधा केन्द्र स्थापना निर्माण भएको

पंजीकरण शाखा

- वडा सचिवहरुलाई VERSP-MIS Online र VPN संचालन सम्वन्धि तालिम सम्पन्न ।
- सूचना तथा सञ्चार अभियान अन्तर्गत व्यक्तितग घटना दर्ता सप्ताह अभियान सन्चालन ।
- घटना दर्ता सम्वन्धि जनचेतनामूलक व्यानर, चेतनामुलक अडियो, दुई किसिम ब्रोसर र एक किसिमको पम्प्लेट छपाई गरि विद्यालयहरुमा वितरण ।
- वडामा कार्यरत वडा सचिवहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी आवश्यक प्राविधिक सहयोग प्रदान ।

पशु शाखा

- ११४० बढि कृषकलाई निःशुल्क रूपमा प्राथमिक औषधी वितरण नौकुण्ड गाउँपालिका वडा नं ४, ५, ६ र पशु सेवा शाखाबाट वितरण गरिएको,

- ६ वटै वडामा समूह गतिशिलता तथा पशुपालन समबन्धी ३ दिने तालिम संचालन गरि नयाँ समूह गठन प्रकृया तथा व्यवसाय सम्बन्धी कृषकस्तरमा अभिमुखिकरण भइ कृषक समुह दर्ता भएको।
- नौकुण्ड गाउँपालिका वडा नं ५ मा बाख्रा पकेट कार्यक्रम संचालन गरि २५ जना सदस्य रहेको कृषक समूह लाभान्वित भई खोर सूधार तथा शुद्ध नश्लको बोयर बोका ल्याई कार्यक्रम संचालन गरिएको।
- भैसी पालन कार्यक्रम अन्तर्गत दुध उत्पादनमा बृद्धि गर्न ५०% अनुदानमा भैंसी पालन कार्यक्रम संचालन गरि २० घर परिवार लाभान्वित भएको।
- हिउँदे घांसको विउ सवै वडा बाट वितरण गरिएको १७० जना भन्दा बढि कृषक लाभाम्वित भएको ।
- रेविज रोग बिरुद्दको खोप सबै वडामा गरी ४१२ कुकुर/ विरालोमा लगाइएको ।
- आपतकालिन रुपमा ५ न. वडामा २ वटा बाख्रा फर्ममा दानाको समस्या बाट आएको रोगको नियन्त्रण गरिएको तथा हाल नेपालमा देखिरहेको LSD रोगको रोकथाममा निरन्तर लागिरहेको ।
- अन्य विभिन्न समयमा पशुसेवा शाखा मातहत बाट विभिन्न रोगको घर गोठ उपचार सेवा प्रदान गरिएको ।
- गैर सरकारी संस्थाहरु संगको साझेदारीमा निम्न आय भएका व्यक्तिहरुका लागि आयआर्जनका कृयाकलापहरु ताथ जिविकोपार्जन सुधारका कार्यक्रमहरु कुखुरा पालन तथा गोठ सुधारका कार्यक्रम भएका छन् ।

कृषि शाखा

- ५० वटा टनेल खरिद गरि वितरण गरिएको ।
- उन्नत मकै मनकामना ४ र अरुण २ बाँडिएको ।
- आपतकालिन वालि उपचार मकैको अमेरिकन फैजिकिरा नियन्त्रणको लागि विषादि खरिद गरिएको ।
- एकल महिलाहरुलाई कृषि सामाग्री सहित व्यावसायीक तालिम यार्सामा सम्पन्न लाङ्बुमा सम्पन्न हुने चरणमा ।
- तरकारि मिनिकिट विउ खरिद गरि वितरण गरिएको ।
- किटनाशक र टुटाको तथा ढुसिनासक विषादी खरिद गरि प्रभावित क्षेत्रमा वितरण गरिएको ।
- किसान सुचिकरण कार्यक्रम २२५२ घरधुरि सुचिकूत भएको ।

- कृषि तथा पशु सेवा क्षेत्रमा किसानहरुको लागि प्रत्यक्ष लाभ हुने अनुदानका कार्यक्रमहरु जस्तोः मिनि टिलर, कर्न सेलर, धानको विउ, गहूको विउ, मकैको विउ, फलफूलका विरुवाहरु, हाईटेक टनेल, वितरण जस्ता अनुदानमा आधारित कार्यक्रमहरु सञ्चालन गरियो । गैर सरकारी संस्थाहरु संगको साझेदारीमा अपाङता भएका व्यक्तिहरुका लागि आयआर्जनका कृयाकलापहरु ताथ जिविकोपार्जन सुधारका कार्यक्रमहरु भएका छन् ।

संस्थागत विकास तथा शुसाशन

- नौकुण्ड गाउँपालिकाले नेपालको संबिधानको अनुसूचि ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकार सूचिमा प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा यस आ.व. ०७८/०७९ मा २४ वटा महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यबिधि तथा मापदण्डहरु जारी गरि कार्यान्वयनमा ल्याएको छ । यस वाट नौकुण्ड गाउँपालिकालाई उभिने र बिस्तारै हिड्ने आधारहरु खडा गरेर स्थानीय सरकारको विधायिकी अधिकारको संस्थागत गर्न नौकुण्ड गाउँपालिका सफल भएको छ ।
- यस संकटको घडीमा समेत गाउँपालिकाले सहभागीमुलक योजना तर्जुमा प्रक्रिया मार्फत आर्थिक वर्ष ०७८/०७९ मा स्थानीयस्तरको विकासका लागि वार्षिक योजना बनाई कार्यान्वयन गर्दे जेष्ठ मसान्त सम्म उपभोक्ता समिति मार्फत कार्यान्वयनमा भएका पूँजिगत योजनाहरुको प्रगति करिव ८० प्रतिशत पुगेको छ । त्यस्तै संस्थागत सुशासन तथा सेवा प्रवाह संग जोडिएका योजनाहरु करिव सम्पन्न भएको अवस्था छ । यस वाट जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माण अगुवाई,अनुगमन एंव जनताको सुख दुखमा साथदिने गरि नौकुण्ड गाउँपालिका अगाढी बढेको छ ।
- नौकुण्ड गाउँपालिकाले ५ वर्षे गाउँपालिका आवधिक बिकास योजना आ.व. (०७८/०७९ देखि ०८२/०८३) तथा प्रोफाईल तयार गरि कार्यान्वयन गरिरहेको छ ।
- संस्थागत क्षमता स्वमुल्यांकन गरि आगामी कमजोर देखिएका सुचकहरुमा वर्षमा सुधार गर्दे जाने कार्ययोजना तयार गरि कार्यान्वयन गरिरहेको छ ।
- गाउँपालिकाको क्षमता विकास योजना बनाउने कार्यक्रम यसै आ.व. वाट कार्यान्वयनमा आउनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास अभिबृद्धिको लागि तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाईनेछ ।

यसरी संघीय सरकार, प्रदेश सरकार र नौकुण्ड गाउँपालिका तिनै तहको सरकारको समन्वय र सहकार्यमा यस गाउँपालिकाको समृद्धि लाई अगाडी बढाउने कार्य अन्तर्गत अम्वास, पारच्याङ सडक अन्तर्गत कालोपत्रे

भईरहेको, ३ वटा रणनितिक पक्कि पुलहरुको निर्माण कार्य ठेक्का प्रक्रिया मार्फत बन्ने क्रममा रहेको यस सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

१. उत्पादन र उत्पादकत्वमा बृद्धि गरी नौकुण्डबासीको समष्टिगत जीवनस्तर सुधार गर्ने ।
२. समतामूलक, समावेशी र भेदभावरहित शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रको विकास गर्ने ।
३. गुणस्तरीय र वातावरण मैत्री भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने ।
४. वन वातावरण, जैविक विविधता को संरक्षण र प्रवद्धर्नका साथै जलवायु परिवर्तन अनुकुलन र विपद व्यवस्थापन सम्बन्धी कार्यबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने ।
५. नागरिकलाई सुशासनको प्रत्याभूति महसूस हुने गरी संस्थागत सुदृढीकरण गर्ने ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

बजेटका प्राथमिकताहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

- गरिबी न्यूनीकरण रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने ।
- स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारित ।
- स्वास्थ्य संस्थालाई सुबिधा सम्पन्न प्रशुतीकक्ष को स्थापना तथा बिस्तार गर्ने ।
- शैक्षिक क्षेत्रको गुणस्तर लाई थप सुदृढ बनाउन प्रबिधिको उच्चतम प्रयोग गर्ने ।
- जनसहभागिता अभिवृद्धि गर्ने ।
- युवालाई स्वरोजगारका लागि उद्यम तथा ब्यावसायमा जोड दिने ।
- संस्कृति र पहिचानको प्रवद्र्धन गर्ने ।
- आन्तरीक राजस्व वृद्धि र परिचालनमा योगदान पुर्याउने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने ।
- क्रमागत उत्पादनमूलक र छिटो प्रतिफल दिने ।
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण को मुलप्रवाहिकरण गर्ने ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०८०/०८१ का लागि नौकुण्ड गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु ।

संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ३० लाख, नेपाल सरकार शसर्त अनुदान रु. १८ करोड ६२ लाख, संघीय सरकारबाट राजश्व बाँडफाँड बाट रु. ६ करोड ५९ लाख ७० हजार १ सय, प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु. ७९ लाख १० हजार , प्रदेश सरकार शसर्त अनुदान रु. ४ करोड ८६ लाख १० हजार, प्रदेश सरकारबाट राजश्व बाँडफाँड बाट रु. १ करोड ७ लाख ८३ हजार ६ सय ३०, यसै गरि प्रदेश सरकार बाट समपुरक अनुदान रु १ करोड ५० लाख ५ हजार, प्रदेश सरकार बाट बिशेष अनुदान रु १ करोड, संघीय सरकार बाट प्राप्त बिशेष अनुदान ५० लाख, संघिय सरकार बाट प्राप्त समपुरक अनुदान १ करोड ५० लाख र आन्तरिक राजश्वबाट रु. ५० लाख गरी जम्मा **आय ४० करोड ७५ लाख ४ हजार ७ सय ३० रुपैया** आय हुने अनुमान गरेको छु ।

सभाध्यक्ष महोदयः

अब म आर्थिक वर्ष २०८०/०८१ मा कर, शुल्क तथा दस्तुर का वारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

आर्थिक वर्ष २०८०/०८१ को लागि शुल्क दस्तुर,दर तथा जरिवानाको दर र दायरमा केहि परिवर्तन गरिएको छु। यस आ.ब. २०८०/०८१ देखि नक्सा पास र घर नक्शा अभिलेखिकरणलाई पूर्ण रुपमा लागु गरिने छ। राजश्व सुधारको कार्यक्रमहरु वडातहमा गरिनेछ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८०/०८१ को लागि बिनियोजित कार्यक्रमहरुको बारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

व्यय तर्फः

चालु खर्च तर्फः आर्थिक वर्ष २०८०/८१ को लागि गाउँपालिका संचालनका लागि रु. ६ करोड २० लाख र कर्मचारीलाई प्रोत्साहन गर्न २० प्रतिशतका दरले बजेट विनियोजन गरेको छु। साथै वडा कार्यालय तर्फ रु २ करोड ४० लाख, EIA रिपोर्ट बनाउन रू ८ लाख, गा.पा. भवन DPR तयार गर्न रु ८ लाख विनियोजन गरेको छु।

बिषयगत शाखाहरु तर्फः शिक्षा तर्फ रु १ करोड ५१ लाख, स्वास्थ्य शाखा तर्फ ३५ लाख, कृषि शाखा रु २० लाख, पुश शाखा रु २५ लाख, न्यायीक समिति रु १० लाख, पंजीकरण शाखा रू. ५ लाख, महिला बिकास २० लाख,सहकारी तथा राजस्व शाखालाई ५ लाख उद्योग १५ लाख, रोजगार शाखा १२ लाख लगायत गरि जम्मा रु. २ करोड ८१ लाख बिनियोजन गरेको छु।

पुंजीगत खर्च तर्फः वडा नं ४ कार्यालय भवन निर्माण रु. ३० लाख, पालिका भवन निर्माण ७० लाख, समपुरक योजना तर्फ २ करोड ५० लाख विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म यस बजेट बक्तव्यमा भएका मुख्य मुख्य योजनाहरुलाई साराशंमा उल्लेख गर्न चाहन्छु ।

विकास कार्यलाई दिगो व्यवस्थित र टिकाउ बनाउनका लागि सर्वप्रथम गौरवका आयोजना तर्फ प्रदेश सरकार संग साझेदारी गर्न समपुरक कोष अन्नतगत रु २ करोड विनियोजन गरेको छु ।

भौतिक विकास र सामाजिक विकासलाई समानान्तर ढङगबाट अघि बढाउन सकिएन भने सन्तुलित विकास हाँसिल गर्न सकिदैन । विकासका आधारभूत पूर्वाधारहरुलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । यहि मान्यतालाई आधार मानेर पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक,सिचाई,भवन तथा सहरी विकास,उर्जा लघु तथा साना जलविद्युत र सञ्चार क्षेत्रका योजनाहरु समेटिएका छन । वातावरण क्षेत्रका वन तथा भु संरक्षण, जलाधार संरक्षण,वातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोरमैला तथा ढल व्यवस्थापन तथा विपद ब्यवस्थापन लगायतका लागि वन, वातावरण तथा विपद ब्यवस्थापनलाई प्राथमिकता रहेको छ ।

संस्थागत विकास सेवा प्रवाह र सुशासन मार्फत लोकतन्त्रहरुको लाभहरुको आधिकारिक वितरण गर्दै नागरिकमुखी सेवा प्रदान गर्न सकिएमा संस्था प्रति आम नागरिकको अपनत्व विकास हुन्छ भन्ने विश्वास लिइएको छ । दैनिक सेवा प्रवाहका कार्यहरुलाई सहज सरल र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरु अनलाईन प्रणालीमा लैजान तथा न्यायिक कार्यलाई प्रभावकारी बनाउन मेलमिलाप केन्द्र स्थापना गर्न, जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृदि गर्न सुशासन तथा संस्थागत विकासलाई प्राथमिकतामा राखेको छु ।

अन्त्यमा, आ.व २०८०/०८१ को बजेट तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु,राजनीतिक दलहरु, कर्मचारीहरु, शिक्षक, वुद्धिजिवीहरु,आम नागरिक, सुरक्षाकर्मी, पत्रकार,गैर सरकारी संस्थाहरु लगायत सवैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।।।

चन्द्र बहादुर गलान
उपाध्यक्ष
नौकुण्ड गाउँपालिका